जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३०३ • २०८३ भदौ ६ गते शनिवार • 22 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# नेपाल प्रेस युनियन महोत्तरीको आठौँ जिल्ला अधिवेशनको सामूहिक छलफल



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ५ भदौ

नेपाल प्रेस युनियन महोत्तरीको आठौँ जिल्ला अधिवेशनको पूर्वसन्ध्यामा बिहीबार बर्दीबासमा जिल्लाका पत्रकारसँग सामूहिक छलफल गरिएको छ ।

नेपाल प्रेस युनियन महोत्तरीको आयोजनामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झाले पत्रकारिता सामाजिक दायित्वसँग जोडिएको पेसा भएकाले समाचारमा व्यक्तिगत सम्बन्ध, नातागोता, विचार र आस्था हावी हुन नहुने बताउनुभयो । पत्रकारले तथ्य, समाज र जनसरोकारका विषयलाई केन्द्रमा राखेर आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । बर्दीबासको पछिल्लो विकासलाई विगतसँग तुलना गर्दै पूर्वअध्यक्ष झाले पत्रकारले वर्तमान अवस्थाको मात्र नभई सम्बन्धित क्षेत्रको इतिहाससमेत बुझ्नुपर्ने बताउनुभयो। चार दशकअघिको बर्दीबास र अहिलेको बर्दीबासमा ठूलो परिवर्तन आएको उल्लेख गर्दै उहाँले विकाससँगै आसपासका क्षेत्रमा सामाजिक तथा आर्थिक परिवर्तन भए-नभएको विषयमा पनि पत्रकारले खोजी गर्नुपर्ने बताउनुभयो ।

उहाँका अनुसार बर्दीबास अहिले मधेशको महत्वपूर्ण 'कनेक्टिभिटी हब' का रूपमा विकास भएको छ। तर, त्यसको प्रभाव आसपासका सबै क्षेत्रमा समान रूपमा परेको छ कि छैन भन्ने विषय महत्वपूर्ण रहेको उहाँले बताउनुभयो । औरही, भङ्गाहा, गौशाला तथा माइस्थानलगायत क्षेत्रमा भएको विकास र त्यसको सामाजिक प्रभावबारे पत्रकारले गहिरो अध्ययन गर्नुपर्ने उहाँको भनाइ थियो।झाले बर्दीबासलाई केन्द्रमा राखेर महोत्तरीसँगै सिन्धुली र सर्लाहीको पत्रकारितालाई समेत बुझ्न सकिने बताउनुभयो । मधेशका आठवटै जिल्लाको पत्रकारिता बुझ्न बर्दीबासको सामाजिक, सांस्कृतिक तथा जनसाङ्ख्यिक अवस्था र त्यसमा आएको परिवर्तनलाई नजिकबाट नियाल्न आवश्यक रहेको उहाँले बताउनुभयो । पछिल्ला तीन-चार दशकमा बर्दीबासको जनसाङ्ख्यिक स्वरूपमा व्यापक परिवर्तन आएको उल्लेख गर्दै उहाँले बसाइँसराइ, रोजगारी, जग्गा अधिग्रहण, मुआब्जा, सम्पत्ति र नागरिकका आकाङ्क्षाजस्ता विषय पत्रकारिताका महत्वपूर्ण मुद्दा बन्नुपर्ने बताउनुभयो ।

सडक तथा पूर्वाधार निर्माणलाई मात्र विकासको सूचक मान्न नहुने भन्दै उहाँले विकासका कारण विस्थापित तथा पछाडि परेका समुदायको अवस्थाबारे पनि पत्रकारले प्रश्न उठाउनुपर्ने धारणा राख्नुभयो । मधेशमा पूर्वाधार विस्तार भए पनि त्यसको लाभ सबै समुदायसम्म पुगेको छ कि छैन भन्ने विषयमा गम्भीर बहस आवश्यक रहेको उहाँले बताउनुभयो । बर्दीबास-सिन्धुली बीपी राजमार्ग निर्माण भए पनि त्यस आसपासका मुसहर लगायत विपन्न समुदायको जीवनस्तरमा अपेक्षित परिवर्तन आएको छ कि छैन भन्ने विषयमा खोजी गर्नुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा प्रेस युनियन महोत्तरीले हरेक साधारणसभामा जिल्लाबाट उत्कृष्ट पत्रकार छनोट गरी सम्मानपत्र सहित नगद पुरस्कार प्रदान गर्दै आएको जानकारी दिनुभएका छन ।

# भुतनाथ मन्दिरभित्र रहेको मूर्तिबाट चाँदी लगायत मूल्यवान वस्तु चोरीको प्रयास

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ भदौ



जनकपुरधामको प्रख्यात तीर्थस्थल स्वर्गद्वारीस्थित भुतनाथ मन्दिरभित्र रहेको मूर्तिबाट चाँदी लगायत मूल्यवान वस्तु चोरीको प्रयास गरिरहेका बेला धनुषा प्रहरीले एकजनालाई पक्राउ गरेको छ । अर्का एकजना भाग्न सफल भएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बिहीबार राति अन्दाजी साढे १ बजेतिर मन्दिरभित्र चोरी सकेर भाग्ने तरखरमा रहेका बेला भारत बिहारको मोतिहारी जिल्ला, इनरवा फुलबार थाना, लखौरा-७ बस्ने २६ वर्षीय मोतिफर रहमान मियाँ पक्राउ परेका हुन् । प्रहरीका अनुसार राति मन्दिरको छिटकनी तोडेर मन्दिरभित्र प्रवेश गरी महादेवको मूर्तिमा रहेको जलहरी र ठूलो मुकुट, त्यसको चारैतिर रहेका भगवानका मूर्तिमा रहेको चारवटा मुकुट र नागदेवताको मूर्ति चोरी गरी कुच्याएर कम्बलमा बाँधी भाग्ने क्रममा मोतिफर पक्राउ परेका हुन् ।

अर्का एकजना भने पर्खाल नाघेर भाग्न सफल भएका छन् । मन्दिरमाथिको छतमा सुतिरहेका स्थानीय एक व्यक्तिले चोरहरूले चोरी गरेको देखेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरीले घटना थाहा पाउनासाथ तत्काल सक्रिय भई १०-१५ मिनेटको अन्तरालमा घटनास्थल पुग्दा चोरलाई पक्राउ गर्न सफल भएको थियो । पक्राउ परेका मियाँलाई थप अनुसन्धानका लागि हिरासतमा राखिएको र फरार व्यक्तिको खोजतलास तीव्र पारिएको प्रहरीले जनाएको छ ।




## मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं ।

**खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# सहमति पीडित पक्षद्वारा अस्वीकार भएपछि पथलैया-वीरगञ्ज सडकखण्ड अवरुद्ध

**जलेश्वरटुडे समाचारदाता**
**बारा, ५ भदौ**

तीन वर्षीया गरिमा चौधरीको हत्या घटनालाई लिएर पीडित परिवार र प्रशासनबिच बिहीबार राति भएको पाँचबुँदे सहमति पीडित पक्षले अस्वीकार गरेपछि पथलैया-वीरगञ्ज सडकखण्ड शुक्रबार पनि अवरुद्ध भएको छ ।

सहमति कार्यान्वयनप्रति असन्तुष्टि जनाउँदै पीडित परिवार र स्थानीयवासी पुनः प्रदर्शनमा उत्रिएपछि सडकमा यातायात सञ्चालन हुन सकेको छैन । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार वार्ताबाट पाँचबुँदे सहमति भए पनि पीडित परिवारले त्यसलाई स्वीकार नगरेकाले पथलैया-वीरगञ्ज सडकखण्ड बन्द रहेको छ । उहाँका अनुसार पूर्व-पश्चिम महेन्द्र राजमार्ग भने शुक्रबार बिहानदेखि सञ्चालनमा आएको छ । वीरगञ्जतर्फबाट आउने सवारीसाधनलाई वैकल्पिक मार्गका रूपमा कलैया-पिलुवा सडक हुँदै गन्तव्यतर्फ पठाउने व्यवस्था मिलाइएको प्रहरी उपरीक्षक बस्नेतले बताउनुभयो । पीडित परिवारलाई सहमतिका बुँदाबारे थप जानकारी गराउँदै सडक खुलाउने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो । गरिमा हत्या घटनाका दोषीलाई कडा कारबाही, पीडित परिवारलाई न्याय तथा अन्य माग सम्बोधन हुनुपर्ने भन्दै परिवारजन र स्थानीयवासीले केही दिनदेखि आन्दोलन गर्दै आएका छन् । आन्दोलनका कारण पथलैया-वीरगञ्ज सडकखण्ड अवरुद्ध हुँदा यातायात सेवा प्रभावित भएको छ ।



# पूर्वाधार विकास कार्यालय जनकपुरधाममा कर्मचारीलाई भेट्नै कठिन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ५ भदौ**

मधेस प्रदेश सरकारले सरकारी कामकाज चुस्तदुरुस्त बनाउन कर्मचारीहरूलाई आचरण, व्यवहार सुधार, सेवाग्राहीमैत्री हुन तथा कार्यालय समयमा कर्मचारीहरू सम्बन्धित कार्यालयभित्रै बस्नुपर्ने लगायतका निर्देशन दिँदै आएको छ । त्यसै अनुरुप कार्य गर्न मन्त्रालय, निर्देशनालयहरूले बारम्बार परिपत्रसमेत गर्दै आएका छन् ।

बिहीबार राजधानी जनकपुरमा रहेको पूर्वाधार विकास कार्यालयमा भने त्यसविपरीतको अवस्था देखियो । १२ बजेर ४५ मिनेटमा सो कार्यालयमा ३ जना बाहेक अन्य कर्मचारी देखिएनन् । कार्यालय परिसरमा सर्वसाधारण बस्न बनाइएको टहरामा २/३ जना बसेको देखिए पनि कार्यालय सुनसान अवस्थामा थियो ।

कार्यालयको भुइँ तलामा नायब सुब्बा जयकृष्ण झाको कार्यकक्षको ढोका बाहिर टाँसिएको नेमप्लेटमा 'बाहिर' उल्लेख गरिएको थियो भने उनको कार्यकक्षको ढोका बाहिरबाट चुकुल लगाइएको थियो । सोही फ्लोरमा सोधपुछ कक्षका लागि बनाइएको चेम्बरमा कुर्सी र टेबुल खाली थियो । सो तलामा कर्मचारी बस्ने ३/४ वटा कक्ष रहे पनि कुनैमा कर्मचारी थिएनन् । त्यस्तै कार्यालयको पहिलो तला उक्लिने बित्तिकै कार्यालय प्रमुखको कार्यकक्षाको मूल ढोकामा झुण्ड्याइएको नेमप्लेटमा 'बाहिर' उल्लेख थियो भने कार्यकक्षको मूल ढोकामा बाहिरबाट चुकुल लगाइएको थियो । सोही तलामा रहेको लेखा शाखाका अधिकृत लक्ष्मण प्रसाद यादव आफ्नो कार्यकक्षमै देखिए भने इन्जिनियर सुम्मी मिश्रको नेमप्लट रहेको कार्यकक्ष खाली रहे पनि उनको नेमप्लेटमा 'भित्र' भनेर उल्लेख गरेको देखिन्थ्यो । यो तला पनि सुनसान अवस्थामा नै रहेको थियो । कार्यालय भवनको दोस्रो तला पनि भुइँ तला र पहिलो तलाजस्तै कर्मचारीविहीन देखिन्थ्यो । उक्त तलामा सब ईन्जिनियर मुकेश कुमार यादवको एकल कार्यकक्ष बाहिरबाट चुकुल लगाइएको थियो भने त्यसकै छेउमा रहेको अर्को कोठामा संयुक्त कार्यकक्ष रहेको इन्जिनियर ज्योति साह र पुष्पाकुमारी मण्डलको कार्यकक्ष पनि खाली थियो ।



## " प्रेम दुर्घटना "

तिमी प्रेम भन्छौ
मेरो त दुर्घटना भएको हो

प्रेम नभई
ऐस आराम गर्ने खेल भएको हो।
उसको चाल नबुझेर
सब बेहाल भएको हो।

तिमी प्रेम भन्छौ
मेरो त दुर्घटना भएको हो

म त एकदम सिधा सादा
एकै प्रहारमा आधा भएको हो।
कैयौं चाल चले पछि थाहा भो,
म त शतरंजको प्यादा भएको हो।

तिमी प्रेम भन्छौ
मेरो त दुर्घटना भएको हो ।

- शिशिर भट्टराई





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईंको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: अनावश्यक खर्चको संभावना
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: लामो यात्राको योग छ
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: आम्दानी हुने
धनु: मनमा पछुतो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: खानपानमा समस्या आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# किमलाई फेरि भेट्न चाहन्छन् ट्रम्प, तर उत्तर कोरियालाई छैन हतार



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ भदौ**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनलाई भेट्न चाहेका छन्। यो वर्षको अत्यतिर किमसँग भेट होस् भन्ने आशामा उनी छन्। तर उनको यो ईच्छामा उत्तर कोरियाले चिसो प्रतिक्रिया दिएको छ।

किम र ट्रम्पबिच सम्बन्ध निकै राम्रो रहेको भएपनि त्यस्तो खालको कुनै भेटका लागि कठोर शर्तहरू तय गरिने संकेत उत्तर कोरियाले दिएको छ। उत्तर कोरियाप्रति शत्रुतापूर्ण रहेको भन्दैयो हप्ताको शुरुमा ट्रम्पले अचानक दक्षिण कोरियासँगको सैन्य अभ्यासमा कटौती गरेका थिए। बुधबार भने उनले किमलाई यो वर्षको अन्त्यसम्म भेट्ने आशा व्यक्त गरेका थिए। ट्रम्प उत्तर कोरियासँग वार्ता गर्न निकै उत्सुक छन्। अन्तरराष्ट्रिय मञ्चमा आफ्नो खातामा अर्को जित लेखाउन पनि उनले यसप्रति चासो देखाएको अमेरिका र दक्षिण कोरियाली अधिकारीहरूबीचको वार्ताबारे जानकार व्यक्तिले बताएको भन्दै रोयटर्सले समाचार छापेको छ। इरानसँग ६ महीनादेखि जारी अमेरिकाको युद्ध तत्कालै अन्त्य हुने कुनै सम्भावना छैन। युक्रेन युद्धमा रुसलाई सघाउन उत्तर कोरियाले आफ्ना सेना, उपकरणहरू पठाइरहँदा ट्रम्पले किमसँग वार्ता गर्ने प्रस्ताव गरेका हुन्। ट्रम्पको रणनीतिप्रति दक्षिण कोरियाले खासै प्रतिक्रिया जनाएको छैन। यो वर्षको अन्त्यतिर ट्रम्प एशिया प्रशान्त आर्थिक सहकार्य सम्मेलनमा सहभागी हुन चीनको शेन्भेन आउँदैछन्। त्यतिबेला यही क्षेत्रमा उत्तर कोरियाली नेतासँग भेटघाटको अवसर ट्रम्पले जुटाउन खोजेको स्रोतले बताएका छन्।

उत्तर कोरियासँग पूर्व शर्त बिना वार्ताका लागि अमेरिका खुला रहेको अमेरिकी विदेश मन्त्रालयका एक प्रवक्ताले बताए। ट्रम्प र किमले उपर्युक्त समयमा फेरि भेटघाट गर्ने उनको भनाइ थियो। यस विषयमा ह्वाइट हाउसले कुनै पनि प्रतिक्रिया दिन मानेन। उत्तर कोरियाले किम र ट्रम्पको सम्बन्धलाई उत्कृष्ट व्यक्तिगत सम्बन्ध भन्नुलाई अमेरिकासँगको सम्बन्धका रुपमा नहेरेर व्यक्तिगत सम्बन्धका रुपमा हेरेको क्युङनाम विश्वविद्यालयको इन्स्टिच्यूट फर फार इष्टर्न स्टडिजमा प्राध्यापक रहेको लिम युल-चुलले भने। व्यक्तिगत सम्बन्धका कारण राष्ट्रिय सुरक्षा हित वा सैन्य क्षमतालाई सुदृढ पार्ने प्रयासमा कहिल्यै सम्झौता नुहने लिमले भनिन्। यसो भनेर प्योङयाङले व्यक्तिगत कूटनीतिको सीमा हुन्छ र यसले रणनीतिक प्राथमिकताहरूलाई ओझेलमा पार्दैन भन्ने संकेत गरिरहेको उनको बुझाइ छ।

# संयुक्त ध्यानाकर्षण-पत्र:








मुजफ्फरपुर-सीतामढ़ी-सोनबरसा फोरलेन परियोजनासँ जनकपुरधामकेँ जोड़ैत भारत-नेपाल मिथिला क्षेत्रीय कनेक्टिविटीकेँ एकीकृत रूप देबाक सम्बन्धमे।

प्रति,
माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जी,
भारत सरकार, नई दिल्ली।
माननीय प्रधानमन्त्री श्री बालेन्द्र शाह 'बालेन' जी,
नेपाल सरकार, काठमाण्डू।
माननीय मुख्यमन्त्री जी,
बिहार सरकार, पटना।
माननीय मुख्यमन्त्री जी,
मधेश प्रदेश सरकार, जनकपुरधाम।
माननीय प्रमुख/मेयर जी,
जनकपुरधाम उपमहानगरपालिका,
जनकपुरधाम।

विषय : मुजफ्फरपुर-सीतामढ़ी-सोनबरसा ४-लेन राजमार्ग परियोजनाकेँ जनकपुरधामसँ प्रभावकारी रूपसँ जोड़ैत भारत-नेपाल मिथिला क्षेत्रक समग्र आर्थिक, धार्मिक, सांस्कृतिक एवं पर्यटन कनेक्टिविटी विकसित करबाक सम्बन्धमे संयुक्त ध्यानाकर्षण।

***महोदय,***

भारत सरकारद्वारा मुजफ्फरपुर-सीतामढ़ी-सोनबरसा खण्डकेँ ८२.६ किलोमीटर लम्बाइमे रु३,५९०.७३ करोड़क लागतसँ ४-लेन बनेबाक स्वीकृति निश्चय रूपेँ बिहारक विकास, सीमावर्ती क्षेत्रक आर्थिक सशक्तीकरण तथा भारत-नेपाल कनेक्टिविटी लेल अत्यन्त महत्वपूर्ण निर्णय अछि।

एहि परियोजनाक स्वागत करैत हमरा सभक ध्यान एकटा पैघ सम्भावनाक दिस आकृष्ट कराब चाहैत छी जे –सीतामढ़ी-सोनबरसा सीमा नाकाकेँ जनकपुरधामसँ आधुनिक, सुरक्षित, सुगम एवं बहुआयामी कनेक्टिविटीसँ जोड़बाक।

सीतामढ़ी आ जनकपुरधाम केवल दूटा सीमावर्ती शहर नैइ अछि, बल्कि मिथिला सभ्यता, माता जानकीक जीवन-परम्परा तथा भारत-नेपालक साझा सांस्कृतिक विरासतक दू महत्वपूर्ण केन्द्र अछि। एहि कारणसँ मुजफ्फरपुर-सीतामढ़ी-सोनबरसा फोरलेनकेँ जनकपुरधाम धरि प्रभावकारी रूपसँ विस्तार/ समन्वय करब केवल यातायातक परियोजना नैइ, बल्कि दू देशक साझा सांस्कृतिक आ आर्थिक सम्बन्धकेँ नव आयाम देबाक ऐतिहासिक अवसर अछि।

हमर प्रमुख ध्यानाकर्षण एवं आग्रह:

१. भारत सरकार एवं बिहार सरकारसँ आग्रह अछि जे मुजफ्फरपुर-सीतामढ़ी-सोनबरसा फोरलेन परियोजनाक योजना बनबैत काल जनकपुरधामसँ सीमा-पार कनेक्टिविटीकेँ सेहो दीर्घकालीन क्षेत्रीय दृष्टिकोणमे सम्मिलित कयल जाए।

२. नेपाल सरकारसँ आग्रह अछि जे भिट्ठामोड़-जनकपुरधाम मार्गक स्तरोन्नति, चौड़ीकरण, सडक सुरक्षा तथा सीमा-पार यातायात व्यवस्थापनकेँ प्राथमिकतामे राखि भारत सरकारसँ आवश्यक समन्वय करय।

३. मधेश प्रदेश सरकार जनकपुरधामकेँ भारत-नेपाल धार्मिक, सांस्कृतिक एवं आर्थिक कनेक्टिविटीक प्रमुख केन्द्र बनयबाक लेल विशेष कार्ययोजना तैयार करय।

४. जनकपुरधाम उपमहानगरपालिका अपन क्षेत्रमे प्रवेश करनिहार पर्यटक, श्रद्धालु तथा व्यापारिक यातायातकेँ ध्यानमे राखि सड़क, पार्किङ, सार्वजनिक यातायात, स्वच्छता, सूचना केन्द्र, हरित क्षेत्र तथा शहरी व्यवस्थापनक दीर्घकालीन योजना बनाबय।

५. भारत आ नेपालक संघीय सरकारबीच सीतामढ़ी-जनकपुरधाम कनेक्टिविटीकेँ केवल सड़क नैइ, बल्कि Integrated Border Connectivity Corridor केर रूपमे विकसित करबाक पहल हो।

६. जनकपुरधाम-सीतामढ़ी-अयोध्या धार्मिक पर्यटन मार्गकेँ आधुनिक सड़क, रेल, हवाई तथा डिजिटल कनेक्टिविटीसँ जोड़ि एकटा प्रभावकारी रामायण-मिथिला पर्यटन सर्किट विकसित कयल जाए।

७. सीमा नाकामे आधुनिक भन्सार, इमिग्रेशन, पार्किङ, गोदाम, क्वारेन्टाइन, डिजिटल कस्टम तथा मालवाहक व्यवस्थापनक पर्याप्त पूर्वाधार विकसित कयल जाए, जाहिसँ चारि-लेन सड़क बनलाक बाद सीमा पर जाम आ अवरोध नैइ उत्पन्न हो।

८. स्थानीय किसान, व्यापारी, लघु उद्यमी, हस्तशिल्पी, मिथिला चित्रकार, होटल व्यवसायी तथा युवाकेँ एहि कनेक्टिविटीसँ जोड़बाक विशेष आर्थिक कार्यक्रम लागू कयल जाए।

९. जनकपुरधामक ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक सम्पदाक संरक्षणकेँ विकास परियोजनाक अनिवार्य अंग बनाओल जाए। सड़क आ पर्यटनक विस्तारक नाम पर पोखरि, पुरातात्त्विक स्थल, धार्मिक परिसर तथा पारम्परिक संरचनाक क्षति नैइ होय।

१०. भारत सरकार, नेपाल सरकार, बिहार सरकार, मधेश प्रदेश सरकार तथा स्थानीय सरकारक प्रतिनिधिक एकटा संयुक्त उच्चस्तरीय समन्वय समिति गठन कयल जाए, जे एहि सम्पूर्ण क्षेत्रीय कनेक्टिविटी परियोजनाक नियमित समीक्षा करय।

माननीय सरकारसभक समक्ष मूल प्रश्न: आइ आवश्यकता केवल यी नैइ अछि जे सड़क कतय बनत; आवश्यकता यी अछि जे सड़कसँ विकासक लाभ कतय-कतय पहुँचत।

मुजफ्फरपुरसँ सीतामढ़ी, सीतामढ़ीसँ सोनबरसा आ सोनबरसासँ जनकपुरधाम यी पूरा क्षेत्र यदि एकीकृत रूपसँ विकसित होइत अछि तँ व्यापार, कृषि, पर्यटन, तीर्थाटन, रोजगार तथा सीमावर्ती अर्थव्यवस्थामे अभूतपूर्व परिवर्तन सम्भव अछि।

विशेष रूपसँ जनकपुरधाम लेल यी अवसर ऐतिहासिक अछि। माता जानकीक जन्मभूमि आ विवाहभूमिक रूपमे अयोध्यासँ जनकपुरधाम धरि जे सांस्कृतिक सम्बन्ध अछि, ओकरा आधुनिक कनेक्टिविटीसँ जोड़लासँ दुनू देशक जनतामे जनस्तरीय सम्बन्ध आरो गहिर होयत।

मुदा एहि अवसरकेँ केवल राजनीतिक घोषणा, शिलान्यास अथवा उद्घाटन धरि सीमित नैइ रखबाक चाही। समयबद्ध कार्यान्वयन, पारदर्शिता, अन्तरसरकारी समन्वय तथा स्थानीय जनसहभागिता एहि परियोजनाक सफलता लेल अनिवार्य अछि।

**अन्तिम आग्रह:**

अतः भारत सरकारक माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी जी, नेपाल सरकारक माननीय प्रधानमन्त्री श्री बालेन्द्र शाह जी, बिहार सरकार, मधेश प्रदेश सरकार तथा जनकपुरधाम स्थानीय सरकारसँ विनम्र मुदा दृढ़ आग्रह अछि जे–

मुजफ्फरपुर-सीतामढ़ी-सोनबरसा फोरलेनकेँ जनकपुरधामसँ जोड़ैत भारत-नेपाल मिथिला क्षेत्रीय कनेक्टिविटी परियोजनाकेँ संयुक्त प्राथमिकता प्रदान कयल जाए आ एहि लेल एकटा स्पष्ट, समयबद्ध एवं समन्वित कार्ययोजना सार्वजनिक कयल जाए।

क) परियोजना केवल सड़क नैइ,
यी मिथिलाक साझा विरासतकेँ जोड़बाक सेतु अछि।

ख) यी केवल यातायात नैइ–
यी भारत-नेपालक जनस्तरीय सम्बन्धकेँ मजबूत करबाक माध्यम अछि।

ग) यी केवल व्यापार नैइ–
यी सीमावर्ती क्षेत्रक आर्थिक पुनर्जागरणक सम्भावना अछि।

घ) आ यी केवल पर्यटन नैइ–
यी सीता-रामक साझा सांस्कृतिक धरोहरकेँ विश्व पर्यटनक मानचित्र पर नव प्रतिष्ठा देबाक अवसर अछि।

आशा अछि जे सम्बन्धित सभ सरकार एवं स्थानीय निकाय एहि ध्यानाकर्षणकेँ गंभीरतापूर्वक ग्रहण क९ जनकपुरधाम-सीतामढ़ी-मुजफ्फरपुर कनेक्टिविटीकेँ एकटा आदर्श भारत-नेपाल क्षेत्रीय विकास गलियारामे रूपान्तरित करबाक ऐतिहासिक पहल करत।

सादर,
मुरली मनोहर मिश्र,
(जनकपुर नागरिक समाज)
जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल
"मिथिला-भारत-नेपाल साझा सांस्कृतिक एवं आर्थिक कनेक्टिविटी लेल नागरिक ध्यानाकर्षण"।

# वि.व्य.स. गठनको लागि श्री गोगल नमूना मावि बसहियामा कक्षागत भेला सुरु



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ५ भदौ**

विद्यालय व्यवस्थापन समिति गठनको प्रक्रिया अघि बढाउँदै जनकपुरधाम-२४, बसहियास्थित श्री गोगल प्रसाद नमूना माध्यमिक विद्यालयमा कक्षागत अभिभावक भेला-२०८३ सुरु भएको छ। विद्यालयको सभाहलमा भदौ ५ गतेदेखि सुरु भएको कक्षागत भेलाअन्तर्गत कक्षा १ का अभिभावकहरूको भेला सम्पन्न भएको हो। भेलाले अभिभावक प्रतिनिधिका रूपमा रामशंकर प्रसाद साह, मोहम्मद हस्तम शेष, चन्द्रकला देवी सदा र अपसना खातुनलाई छनोट गरेको विद्यालयले जनाएको छ। कक्षा १ मा कुल १०२ जना अभिभावक रहेकामा ६९ जना अभिभावक भेलामा सहभागी भएका थिए। उल्लेख्य अभिभावक सहभागिताले विद्यालय व्यवस्थापन समिति गठनप्रति अभिभावक तथा समुदायको चासो र सक्रियता देखाएको सहभागीहरूले बताएका छन्। भेलामा जनकपुरधाम उपमहानगरपालिका-२४ का कार्यवाहक वडा अध्यक्ष शेषनाथ मण्डलको उपस्थिति रहेको थियो। वडा सदस्यहरू मोहम्मद अमजद हुसेन, शान्ति देवी र गायत्री ठाकुर समेत कार्यक्रममा सहभागी थिए। त्यस्तै, विद्यालयका निवर्तमान व्यवस्थापन समिति अध्यक्ष तथा संस्थापक परिवारका शत्रुघ्न प्रसाद शर्मा, प्रधानाध्यापक महावीर दास, प्राथमिक तह संयोजक भरत सहनीलगायत शिक्षक, अभिभावक तथा स्थानीय सरोकारवालाको उपस्थिति थियो। विद्यालय व्यवस्थापन समिति गठनका लागि सबै कक्षाबाट अभिभावक प्रतिनिधि छनोट गर्ने उद्देश्यले कक्षागत भेला आयोजना गरिएको विद्यालयले जनाएको छ। प्रत्येक कक्षाबाट छनोट भएका अभिभावक प्रतिनिधिहरूको सहभागितामा आगामी चरणमा विद्यालय व्यवस्थापन समिति गठनको प्रक्रिया अघि बढाइनेछ। विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, भौतिक पूर्वाधार विकास, विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालय र समुदायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउन व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुने भएकाले कक्षागत भेलामा अभिभावकहरूको सक्रिय सहभागितालाई अर्थपूर्ण रूपमा हेरिएको छ।

# श्री मा.वि. महुलियामा चारकोठे भवनको शिलान्यास



**दिपक श्रेष्ठ मण्डल**
**शहिदनगर, ५ भदौ**

शहिदनगरपालिकाको वडा नं ४, महुलियास्थित श्री माध्यमिक विद्यालयमा चारकोठे विद्यालय भवन निर्माणको शिलान्यास गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार विस्तार गर्ने उद्देश्यले भवन निर्माण कार्य अघि बढाइएको हो। शहिदनगरपालिकाका मेयर दिनेश प्रसाद यादवले शुक्रबार आयोजित कार्यक्रममा चारकोठे भवनको शिलान्यास गर्नुभयो। कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष ब्रम्हानन्द ठाकुर, सदस्य रिंकु कुमारी महरा, वडा

बांकी पृष्ठ ४ मा।

# विश्वशान्तिका लागि ३ मिनेट

-विश्वभर बढ्दो द्वन्द्व र हिंसाले मानव समुदाय चिन्तित छ, जसको समाधानका लागि ओशो तपोवनले 'विश्वशान्तिका लागि ३ मिनेट' अभियान सुरु गरेको छ । यो अभियानले हरेक दिन बिहान र बेलुका तीन-तीन मिनेट सामूहिक प्रार्थना र ध्यानमार्फत विश्वमा शान्ति, करुणा र सद्भाव फैलाउने उद्देश्य राखेको छ । अभियानले मानिसको चेतना परिवर्तन, सकारात्मक विचार र भावनात्मक सन्तुलनमा जोड दिँदै युद्ध र हिंसाको अन्त्यका लागि विश्वव्यापी सहभागिताको आह्वान गरेको छ । अहिले विश्वमा बढ्दै गएको द्वन्द्व र हिंसाले सम्पूर्ण मानव समुदायलाई चिन्तित र दुःखी बनाएको छ । पूर्वी युरोपमा जारी रुस-युक्रेन युद्ध, मध्यपूर्वको इजरायल-गाजा युद्ध, अमेरिका-इरान युद्ध तथा विभिन्न मुलुकबीच बढिरहेको राजनीतिक तिक्तताका कारण विश्वले गम्भीर संकटको सामना गरिरहेको छ । दैनिक ठूलो संख्यामा मानिसले ज्यान गुमाइरहेका छन् भने लाखौं मानिस घाइते, घरबारविहीन र अङ्गभङ्ग भई कष्टकर जीवन बिताउन बाध्य छन् । असंख्य बालबालिका युद्धको मारमा परेका छन्। युद्धले सामाजिक सद्भाव कमजोर बनाउनुका साथै वातावरणमा क्षति पुऱ्याएको छ र विश्व अर्थतन्त्रमा समेत गम्भीर असर पारेको छ ।

ग्लोबल पिस इन्डेक्सका अनुसार, सन् २०२५ मा विश्वका विभिन्न द्वन्द्वमा १ लाख ८१ हजारभन्दा बढी मानिसले ज्यान गुमाएका छन्। विश्वमा दैनिक औसत करिब ८ अर्ब अमेरिकी डलर (१२ खर्ब नेपाली रुपैयाँ) सैन्य क्षेत्रमा खर्च भइरहेको छ । अहिलेको परिस्थिति हेर्दा ठूला शक्तिहरूबीच बढ्दो तनावले व्यापक युद्धको खतरा बढाएको देखिन्छ । धेरै द्वन्द्वमा राजनीतिक तथा कूटनीतिक पहलले अझै अपेक्षित परिणाम दिन सकेका छैनन् । यस्तो समयमा जब राजनीतिक प्रयास र कूटनीतिक संवादहरू प्रभावहीन हुँदै जान्छन्, तब हामीले फेरि आफ्नो अन्तरचेतना र अस्तित्वतर्फ फर्केर समाधानको बाटो खोज्नुपर्ने हुन्छ । यस्तो विनाशकारी र चुनौतीपूर्ण परिस्थितिमा एक साधारण नागरिक वा चेतनशील व्यक्तिले गहिरो प्रेम, करुणा र शुद्ध भावनाका साथ गरेको प्रार्थना, ध्यान तथा सकारात्मक विचारमा रूपान्तरणकारी शक्ति निहित हुन्छ । अहिले विश्वमा भइरहेको युद्ध तथा द्वन्द्वको कारण कतै न कतै मनुष्यको मनमा दबेर रहेका कुण्ठा, रिस, घृणा अनि वैमनस्यतालगायतका नकारात्मक विचार र भावनाहरू नै हुन् । जब मानिसहरूको मनमा यस्ता नकारात्मक विचार र भावनाहरू निरन्तर सञ्चित हुँदै जान्छन्, समयक्रममा ती सामूहिक असन्तोष र तनावका रूपमा विस्फोटित हुन्छन् र हरेक १०-१५ वर्षमा विनाशकारी रूप लिन्छन् । तर सचेत प्रयास, साधना, ध्यान र प्रार्थनाबाट त्यस्ता विचारलाई सकारात्मक दृष्टिकोण र भावनात्मक सन्तुलनतर्फ रूपान्तरण गर्न सकिन्छ ।

तसर्थ, यस सचेत प्रयासलाई मूर्तरूप दिन हामीले ओशो तपोवनबाट 'विश्वशान्तिका लागि ३ मिनेट' (३ Minutes for World Peace) अभियान सुरु गरेका छौं । हरेक दिन बिहान र बेलुका ध्यानपछि तीन-तीन मिनेट सामूहिक प्रार्थना गर्नु यसको विनम्र सुरुवात हो । यो अभियान नेपालमा मात्र सीमित नरही विश्वभरका चेतनशील व्यक्तिहरूसम्म पुगोस् भन्ने हाम्रो उद्देश्य हो । तपोवनमा दैनिक करिब दुई सय जनाले र ओशो तपोवनसँग प्रत्यक्ष रूपमा जोडिएका हजारौं साधकहरूले सामूहिक रूपमा दिनमा दुईपटक तीन मिनेट युद्ध र हिंसाको अन्त्य तथा विश्वशान्तिका लागि प्रार्थना गर्छौं । हाम्रो चाहना यसलाई ओशोका शिष्यहरूमा मात्र सीमित नराखी सबै चेतनशील र शान्तिप्रेमी मानिसहरूले अपनाऊन् भन्ने हो । यसको मूल उद्देश्य केही समयको अभियान सञ्चालन गर्नु मात्र होइन, यसलाई दीर्घकालीन रूपमा जीवनको एउटा हिस्साका रूपमा निरन्तरता दिनु हो । यस्तो प्रार्थनाले बाहिरी रूपमा मात्र नभई प्रार्थना गर्ने व्यक्तिको जीवनमा समेत तत्काल परिवर्तन ल्याउँछ । जब एक चेतनशील व्यक्तिले गहिरो प्रेम र करुणाले प्रार्थना गर्छ, उसको मन शान्त हुन्छ र करुणाभाव विकसित हुँदै जान्छ । त्यति मात्र नभई जब हामी निःस्वार्थ मनले जगत्कल्याणका लागि प्रार्थना गर्छौं, हामीमाथि अस्तित्वको कृपा र आशीर्वाद रहन्छ ।

आज युद्ध र हिंसाका कारण क्रूरतापूर्ण रूपमा जुन ठूलो संख्यामा मानिस मारिएका, घाइते र अङ्गभङ्ग भएका छन्, यी केवल तथ्याङ्क मात्र होइनन्; मानवीय संवेदनामाथिका गम्भीर प्रहार हुन्। यस्तो अवस्थामा राजनीतिक नेतृत्वका गैरजिम्मेवार कदमले मानवीय चेतनालाई अझ पछाडि धकेलेका छन् । अहिलेको युग विज्ञान, प्रविधि र सूचनाको युग हो । सूचना प्रविधिले विश्वलाई एक परिवारजस्तै नजिक ल्याएको छ। आजको विज्ञान र प्रविधि अन्य ग्रहमा जीवनको खोजीमा निरन्तर अघि बढिरहेको छ; तर विडम्बना के छ भने, यही पृथ्वीमा भने मानिसहरू युद्ध, हिंसा र अशान्तिका कारण ज्यान गुमाइरहेका छन् ।

यही युग मानसिक विचलन, आत्मविस्मृति र निरन्तर उत्तेजनाको युग पनि बनेको छ । राजनीति र धर्मको दुरुपयोगले यसलाई अझ जटिल बनाएको छ । विश्व स्वास्थ्य संगठन (WHO) को पछिल्लो तथ्याङ्कअनुसार, सन् २०२१ मा विश्वभर करिब १.१ अर्ब मानिस- अर्थात् प्रत्येक सात जनामध्ये लगभग एक जना- मानसिक विकारबाट प्रभावित थिए भने ध्ज्इ को सन् २०२५ को पछिल्लो प्रतिवेदनअनुसार विश्वभर १ अर्बभन्दा बढी मानिस मानसिक स्वास्थ्य सम्बन्धी समस्याबाट प्रभावित छन् । त्यसैले मानिसको चेतनामा शान्तिको बीउ रोप्नु आवश्यक छ। हृदयमा शान्ति र विवेक नहुँदा विज्ञान र प्रविधिको विकाससमेत विनाशको साधन बनेको छ। ध्यान र प्रार्थना चेतनशील व्यक्तिले गर्न सक्ने सरल र सचेत प्रयास हुन् । विचारको शक्तिबारे हाम्रा सन्तहरूले धेरै बोलेका छन् र विभिन्न ध्यानविधिहरू प्रतिपादन गरेका छन् । आफ्नो साधनाबाट विचारको सूक्ष्म बोध गर्नुभएका स्वामी खप्तड बाबाले विचारशक्तिको रहस्य आफ्नो प्रसिद्ध पुस्तक 'विचार विज्ञान' मा यसरी व्यक्त गर्नुभएको छ- 'विचारहरू प्रकाशको गति (प्रतिसेकेन्ड ३ लाख किलोमिटर) भन्दा पनि कयौं गुणा तीव्र गतिमा यात्रा गर्छन् ।' मानिसको मनमा प्रतिघण्टा २ देखि ३ हजारसम्म विचार निरन्तर आइरहन्छन्। विचारहरूका आफ्नै रङ, गन्ध र प्रभाव हुन्छन् । यो अति सूक्ष्म भएकाले हाम्रो आँखाले देख्न पनि सकिँदैन, तर यसको प्रभावबाट कोही पनि बच्न सक्दैन । जब हामी एकाग्र भएर एउटै विचार वा भावमा केन्द्रित हुन्छौं, हाम्रो ध्यान र सङ्कल्प गहिरो हुन्छ ।

अहिले शारीरिक तथा मानसिक उपचारका लागि अत्यन्त प्रचलित 'रेकी' विधि पनि विश्वको जुनसुकै ठाउँबाट हामीले आफ्ना विचार तथा भावनाका माध्यमबाट कसरी रोग निको पार्न सक्छौं भन्ने कुराको ज्वलन्त उदाहरण हो । रुसी महिला निना कुलागिना पनि विचारको शक्तिबाट चम्चा बङ्गाउने तथा साना वस्तुलाई स्पर्श नै नगरी सार्ने गर्थिन् । यस्ता धेरै उदाहरण विश्वमा रहेका छन् । त्यसकारण हाम्रा विचारहरू हामीले सोचेभन्दा बढी प्रभावशाली हुन्छन्, विशेषतः जब ती मनमा बारम्बार दोहोरिन्छन् । हाम्रा विचारहरू हाम्रा शब्दजस्तै प्रभावकारी हुन्छन् । कतिपयलाई विश्वका विभिन्न भूभागमा भइरहेका द्वन्द्व र हिंसा हाम्रो मुलुकसँग प्रत्यक्ष सम्बन्धित छैनन् जस्तो लाग्न सक्छ । तर, मानवता कुनै धर्म, सीमा वा राष्ट्रमा सीमित हुँदैन । हामीले गरेको सानो प्रार्थनाले तत्काल नै युद्ध रोकिन्छ भन्न खोजिएको होइन, तर यसले केही हदसम्म भए पनि विश्वको जुनसुकै मुलुकमा राजनीतिक र आपराधिक हिंसा न्यूनीकरणमा सकारात्मक प्रभाव पार्छ। जसरी सामूहिक घृणा र भयले हिंसाको वातावरण सिर्जना गर्छ, त्यसरी नै करुणा, प्रेम र शान्तिको सामूहिक सङ्कल्पले मानिसको सोच, व्यवहार र सामाजिक सम्बन्धलाई शान्तितर्फ उन्मुख गराउन महत्त्वपूर्ण भूमिका खेल्छ । सन् २०२३ डिसेम्बरदेखि २०२४ जनवरीसम्म भारतको हैदरावादमा १० हजारभन्दा बढी मानिसको सहभागितामा आयोजित विश्वशान्ति ध्यानसम्बन्धी अध्ययनले प्यालेस्टाइन, म्यानमार र सिरियामा राजनीतिक हिंसाको समग्र प्रवृत्तिमा उल्लेखनीय कमी आएको उल्लेख गरेको छ। अध्ययनले डिसेम्बर २०२३ देखि जनवरी २०२५ सम्म हिंसात्मक घटनामा समग्रमा २९.२ प्रतिशत कमी आएको देखाएको थियो । यसैगरी, सन् १९९३ मा वासिङ्टन डी.सी.मा करिब चार हजार मानिसको सहभागितामा झन्डै दुई महिना गरिएको सामूहिक 'ट्रान्सेन्डेन्टल मेडिटेसन' (टी.एम.) सम्बन्धी अध्ययनले हत्या, बलात्कार र आक्रमणजस्ता हिंसात्मक अपराधमा अधिकतम २३.३ प्रतिशतसम्म कमी आएको रिपोर्ट गरेको थियो ।

साभार : रातोपाटी ।



## श्री मा.वि. महुलियामा................................

प्रतिनिधि राजेश्वर यादव तथा शिक्षक प्रतिनिधि विदेश कुमार सहनीलगायतको उपस्थिति थियो। प्राविधिक इन्जिनियर श्याम यादवका अनुसार भवन निर्माणका लागि कुल ७८ लाख ४९ हजार ९ सय ३१ रुपैयाँ ६८ पैसा लागत अनुमान गरिएको थियो। ई-बिड (भ-द्यष्म) मार्फत टेन्डर आह्वान गरिएपछि कृष्णा कन्स्ट्रक्सनसँग ५३ लाख ५० हजार २ सय ९४ रुपैयाँ १७ पैसामा निर्माण सम्झौता भएको हो।

निर्माण हुने भवन दुई तले हुनेछ। भवनको तल्लो तलामा दुई कोठा र माथिल्लो तलामा दुई कोठा गरी जम्मा चार कोठा निर्माण गरिनेछ। भवन निर्माण कार्यमा रङ्गरोगनसहित आवश्यक फिनिसिङको कामसमेत समेटिएको प्राविधिक इन्जिनियर यादवले जानकारी दिनुभयो।

नयाँ भवन निर्माण सम्पन्न भएपछि विद्यालयमा कक्षाकोठाको अभाव कम हुनुका साथै विद्यार्थीका लागि थप व्यवस्थित र सुविधायुक्त पठनपाठनको वातावरण तयार हुने अपेक्षा गरिएको छ ।

**सार्वजनिक पोखरी अतिक्रमित नगरौं,नगराऔं**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday